# बेनी नगरपालिका
## नगर कार्यपालिकाको बैठक
## २०८०/११/२१ गते

**निर्णयहरू**

१. बेनी नगरपालिका क्षेत्रभित्र सूर्तिजन्य पदार्थको प्रयोगलाई नियमन र नियन्त्रण गर्न र जनस्वास्थ्यको संरक्षण तथा प्रवर्द्धन गर्न कार्यपालिका बैठकमा पेश हुन आएको बेनी नगरपालिकाको "सूर्तिजन्य पदार्थको नियमन तथा नियन्त्रण गर्ने कार्यविधि, २०८०" स्वीकृत गर्ने।

२. बेनी नगर कार्यपालिकाको मिति २०८०।०४।२५ को बैठकको निर्णयानुसार बेनी नगर क्षेत्रको फोहोरमैला संकलन तथा व्यवस्थापन कार्यको लागि जिम्मा दिइएको कालिगण्डकी स्क्रयाप सेन्टर, बेनी न.पा.-६, म्याग्दीको समयावधी २०८० पौष मसान्त सम्म मात्र रहेकोले २०८१ असार मसान्त सम्म थप गर्ने।

३. बेनी नगर कार्यपालिकाको मिति २०८०।०३।२४ गतेको बैठकको निर्णयानुसार बेनी नगरपालिकाको कोषबाट तलब भत्ता खाने करार सेवाका कर्मचारीहरुको सेवा करार सम्झौताको अवधी मिति २०८० पौष मसान्त सम्म रहेकोले करार सेवाका कार्यालय सहयोगी कर्मचारीहरुको सेवा करार अवधी २०८० चैत्र मसान्त सम्म र अन्य करार कर्मचारीहरुको २०८१ असार मसान्त सम्म थप गर्ने। साथै करार सेवाका कार्यालय सहयोगीहरुको कार्य सम्पादनका आधारमा मूल्याङ्कन गरी २०८० चैत्र मसान्त पश्चात् सेवा करार अवधी थप गर्ने नगर्ने सम्बन्धमा आवश्यक निर्णय लिने।

४. बेनी नगरपालिकाको वडा तर्फका देहायका योजनाहरुको शीर्षक निम्नानुसार हुने गरी संशोधन गर्ने:

| क.सं. | वडा नं. | हाल भएको योजनाको नाम | संशोधन गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|
| १ | ५ | पुरुन्ते पछै पदमार्ग निर्माण योजना | गाजने मोटरबाटो सिलिङ | प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ |
| २ | ४ | राजकुलो अधेरीखोला पदमार्ग ट्रसपुल योजना | पौडेल चोक देखि वडा कार्यालय सम्म पिच | पूर्वाधार विकास तर्फ |
| ३ | ६ | झाक्रिथानको ठाडो बाटो तल्लो देखि एक्लेपिपल सम्म पदमार्ग मर्मत सम्भार योजना | महारानी थान, छापा मोटरबाटो सोलिङ | प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ |
| ४ | ६ | खरेनी तल्लो जामुनाखर्क भगवति मन्दिर उपल्लो जामुनाखर्क हुँदै गुफ्फा नेपाने गोरेटो बाटो निर्माण योजना | अर्थुङ्गे तल्लो जामुनाखर्क मोटरबाटो सडक सोलिङ | प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ |

५. बेनी नगरपालिका सञ्चित कोषबाट भुक्तानी हुने गरी बाग्लुङ पन्चकोटमा आयोजित अनन्तश्री ब्रहमाण्डीय महायज्ञमा रु २,२२,२२२ (अक्षेरुपी दुई लाख बाइस हजार दुई सय बाइस रुपैयाँ मात्र) तथा लोक

सुरत के.सी.
नगर प्रमुख

वार्ता परिषद, नेपाललाई रु ९०,००० (अक्षेरुपी नब्बे हजार रुपैयाँ मात्र) आर्थिक सहयोग उपलब्ध गराउने।

६. नगर क्षेत्रभित्र नगरबासीबाट हुने घर टहराहरूको निर्माण कार्यलाई मापदण्ड अनुकूल बनाउन बेनी नगर कार्यपालिकाको कार्यालयको नक्सा इकाईको कर्मचारी तथा नक्सा इकाईको समन्वयमा नगर प्रहरीको प्रत्यक्ष उपस्थितिमा कार्य हुने गरी आवश्यक व्यवस्थापन मिलाउने ।

७. बेनी नगरपालिकाका देहायका योजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने:

| क.सं. | योजनाको नाम | बिनियोजित बजेट (रु) | कैफियत |
|---|---|---|---|
| १ | लम्लिहिल पर्यटन प्रवर्द्धन योजना, बेनपा-२ | १५००००० | पर्यटन पूर्वाधार तर्फ |
| २ | बेनी लम्लिहिल वडा कार्यालय जाने सडक मर्मत, बेनपा-२ | १५००००० | वडा कार्यालय तर्फ |
| ३ | शान्ती पार्क निर्माण, बेनपा-७ | १५००००० | वडा कार्यालय तर्फ |
| ४ | खुल्ला मञ्च थप बजेट | १५००००० | पूर्वाधार तर्फ |
| ५ | कृषि/पशुपन्छी बजार पूर्वाधार कार्यक्रम, बेनपा-८ | ३०२५००० | सशर्त अनुदान तर्फ |
| ६ | वडा कार्यालय घेराबार र बैठक कक्ष व्यवस्थापन, बेनपा-९ | १०००००० | वडा कार्यालय तर्फ |

८. बेनी नगरपालिका स्थित पर्यटकीय स्थलहरुको पर्यटन विकास एवम् प्रवर्द्धन गर्नका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनार्थ पर्यटन गुरूयोजना निर्माणको लागि पर्यटन विभाग र पर्यटन वोर्डलाई अनुरोध गर्ने।

९. बेनी नगर कार्यपालिकाको कार्यालय मातहतको स्वास्थ्य शाखाबाट सम्पादन हुने कार्यहरुलाई व्यवस्थित तथा प्रभावकारी बनाउनका लागि नियमित रूपमा सामाजिक विकास समितिको समन्वयमा सम्पादन हुने गरी व्यवस्था मिलाउन सम्बन्धित शाखालाई आवश्यक निर्देशन दिने तथा स्वास्थ्य शाखा तथा अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको आवश्यकताअनुसार कार्य जिम्मेवारी हेरफेर गर्ने।

१०. बेनी नगरपालिकाको नगर स्तरीय स्वास्थ्य समिति गठन तथा सञ्चालनका लागि आवश्यक कार्यविधि निर्माण गर्न तपसिलको समितिलाई जिम्मेवारी दिने:

<u>तपसिल:</u>

क) श्री चक्र बहादुर के.सी., संयोजक, सामाजिक विकास समिति, बेनपा - संयोजक

ख) श्री युवराज थापा, प्रशासकीय अधिकृत, बेनी नगरपालिका - सदस्य

ग) श्री गोकुल शर्मा, लेखा अधिकृत, बेनी नगरपालिका - सदस्य

घ) श्री कमल प्रसाद ढकाल, शिक्षा अधिकृत, बेनी नगरपालिका - सदस्य

ङ) श्री चन्दन सुवेदी, जनस्वास्थ्य अधिकृत, बेनी नगरपालिका - सदस्य सचिव

११. बेनी नगरपालिका मातहतका वडा कार्यालयहरुका लागि आवश्यक जिन्सी सामग्रीहरु खरिद गर्दा बेनी नगर कार्यपालिकाको कार्यालयबाट कानूनबमोजिम आवश्यक प्रक्रिया पुर्याई खरिद गर्ने कार्यलाई तुरुन्त

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

कार्यान्वयनमा ल्याउने। सबै वडा समितिहरु एवम् वडा अध्यक्षहरूले यस निर्णयको कार्यान्वयनमा नगर कार्यपालिकाको कार्यालयलाई सहयोग गर्ने ।

१२. कृषि र उत्पादन क्षेत्रमा जनशक्ति अभावको समस्या समाधान गर्न र विदेशबाट आएका अन्तर्राष्ट्रिय विद्यार्थी, मौसमी कामदार र कतार कामदारलाई आकर्षित गर्ने उद्देश्यले नेपाली अधिकारीहरु तथा विश्वविद्यालयका पदाधिकारीहरुलाई भ्रमण गराउने कार्यक्रम अन्तर्गत कोरिया भ्रमणका लागि नगर उपप्रमुख ज्यूबाट स्वीकृति माग भएकोले निजी लगानीमा हुने गरी उपप्रमुखज्यूको उक्त भ्रमण स्वीकृत गर्ने।

१३. अष्ट्रेलियाको मेलबोर्नमा २०२४ को जुन २१ देखि जुन २५ सम्म हुन गई रहेको लायन्स क्लब अफ इन्टरनेश्नलको मेलबोर्न कन्भेन्सनमा सहभागी हुनका लागि बेनी नगरपालिका, वडा नं. ६ का अध्यक्ष श्री कृष्ण बहादुर बानियाँले अनुमति माग गर्नुभएकाले उक्त कन्भेन्सनमा जाँदा आउँदा लाग्ने खर्च निजले नै व्यहोर्ने गरी सहभागिताका लागि अनुमति प्रदान गर्ने।

१४. बेनी नगरपालिकाको आ.व. २०८०।८१ को दोस्रो चौमासिकमा भए गरेका विकास निर्माण तथा सेवा प्रवाहका सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम २०८० चैत्र महिनाको पहिलो हप्ता गर्ने गरी आवश्यक तयारी गर्ने।

१५. बेनी नगर कार्यपालिकाको कार्यालयमा कार्यरत जम्मा पाँच नगर प्रहरीहरुको श्रम बीमा गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने। सो कार्यका लागि आवश्यक प्रिमियम रकम कार्यालयले बेहोर्ने ।

१६. बेनी नगरपालिका क्षेत्रभित्र स्थापना गरी सञ्चालन गर्नका लागि निवेदन पेश गरेका देहायका स्वास्थ्य संस्थाहरुको "बेनी नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७५" बमोजिमको अनुगमन समितिबाट अनुगमन भए पश्चात् प्राप्त हुन आएको प्रतिवेदनमा उल्लिखित पुरा गर्न बाँकी मापदण्डहरु पुरा गरी आएको भनि निवेदन पेश गरेकोले उक्त अनुगमन समितिबाट पुन: अनुगमन गर्दा मापदण्ड पुरा गरेको पाइएमा यस नगरपालिकामा दर्ता गर्ने।

क) पाण्डे क्लिनिक, बेनी न.पा.-७

ख) मनकामना आँखा उपचार केन्द्र, बेनी न.पा.-८

१७. बेनी नगरपालिकाको सडक मर्मत शिर्षकबाट भुक्तानी हुने गरी बाल जागृती आधारभूत विद्यालय, बेनी न.पा.-५ लाई विद्यालय घेराबार गर्नका लागि रु १,५०,००० (अक्षेरुपी एक लाख पचास हजार रुपैयाँ मात्र) उपलब्ध गराउने।

१८. यस नगरपालिका तथा म्याग्दी जिल्लाबाट बैदेशिक रोजगारीमा जानेको संख्या अत्यधिक रहेको र बैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको विभिन्न प्रकारका समस्याहरूको न्यूनीकरण, निदान तथा समस्या समाधानका लागि यस नगरपालिकामा नै कार्यालय स्थापना गरी बैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन परियोजना (SaMi) लागू गरिदिनको लागि नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, बैदेशिक रोजगार विभाग एवम् बैदेशिक रोजगार बोर्डलाई लेखी पठाउने र सो परियोजना सञ्चालनका लागि नियमानुसार स्थानीय तहबाट गर्नुपर्ने लागत साझेदारीको सुनिश्चितता गर्ने ।



सुरत के.सी.
नगर प्रमुख